
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०५९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज २१ गते सोमबार ❑ 7 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखराबाट ४५ करोड सुकिला नोट वितरण

पोखरापत्र संवाददाता
पोखरा, २० असोज

नेपाल राष्ट्र बैंक पोखरा कार्यालयलले हालसम्म ४५ करोड रुपैया बराबरको सुकिला नोट सटही गरेको छ ।

नेपालीहरुको महान पर्व दशैं पर्वको अवसरमा राष्ट्र बैंकले केही दिन देखि सटही गर्न सुरु गरेको सुकिला नोट आइतबारसम्म ४५ करोड मुल्य बराबरको सटही भएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक विना ढकाल (पौडेल) ले बताउनु भयो ।

उहाँका अनुसार यस बर्ष नेपाल राष्ट्र बैंकले नयाँ नचोट सटही गर्न नसकने भए पनि एक पटक बजारमा चलन चल्तीमा गएका सुकिला नोट वितरण गर्ने केन्द्रको निर्देशन अनुसार हाल पोखरामा पनि उक्त सुकिला नोट सटही गर्ने कार्य जारी रहेको



उल्लेख गर्नु भयो । यही असोज २२ गते मंगलबारसम्म आफुहरुले सुकिला नोट सटही गर्ने भएको उहाँले जनाउनु भयो । पोखराको कार्यालयबाट हाल दैनिक जसो ५ सय जनाले सुकिला नोट सटही गर्न आउने गरेको निर्देशक ढकालले जनाउनु भयो ।

बैंक तथा वित्तिय संघ संस्थाहरुको लागि असोज ११ गतेसम्म मात्र वितरण गर्ने भने पनि केही बैंक तथा वित्तिय संघ संस्थाले अझै सुकिला नोट माग गरेको उहाँले जनाउनु भयो । हाल आफुहरुले क्यू आर कोर्ड सहितको काउण्टर राखेर सुकिला नोट सटही गर्न आउने ग्राहकहरुको लागि न्यूनतम ७ देखि १० मिनेटमा सटही हुने व्यवस्था मिलाएको निर्देशक ढकालले दाबी गर्नु भयो ।

गण्डकी प्रदेशको राजधानि पोखरामा यस बर्षको वडा दशैं पर्व लक्षित हुने गरी करिब १ अर्ब जसो सुकिला नोट सटही हुने अनुमान गरिएको छ ।

आम सर्वसाधारणको लागि अघिल्ला बर्ष झै यस बर्ष पनि सानो नोट (५, १०, २०, ५० र १००) का एक/एक प्याकेट १८ हजार ५ सय बराबरको सटहीको व्यवस्था गरिएको निर्देशक पौडेलले जनाउनु भयो । पोखरा क्षेत्रमा सेवाग्राहीको माग बमोजिम सुकिला नोटको प्रबन्ध गर्ने उहाँको भनाई छ ।

नयाँ नोटमा छपाई खर्च बढी हुने भएको र पछिल्लो समयमा डिजिटल कारोबार बढी सुरु भएकोले गर्दा एवं सुकिला नोट स्टक धेरै भएकोले गर्दा नेपाल राष्ट्र बैंकले यस बर्ष नयाँ नोट नछापेका कारण सुकिला नोट सटही गरेको हो । नेपाली परम्परा देखि दशैंमा बालकालिकाहरुको खुसिको लागि भन्दै नयाँ नोट सटही गर्ने प्रचलन रहेको छ ।

## जीवनोपयोगी शिक्षा आवश्यक छ: मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, २० असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अनुसन्धानात्मक र जीवनोपयोगी शिक्षा आजको आवश्यकता भएको बताउनुभएको छ ।

पोखरा-३२ स्थित गण्डकी विश्वविद्यालयको मुख्य प्रशासनिक भवनको शनिबार शिलान्यास गर्दै मुख्यमन्त्री पाण्डले सीपमूलक शिक्षा दिन सक्यौं भने मात्र शिक्षित युवालाई स्वदेशमा रोक्न सकिने धारणा राख्नुभयो । विश्वविद्यालयले गर्ने अनुसन्धानको विषय नयाँ-नयाँ हुनुपर्ने भन्दै उहाँले विश्वविद्यालयले दिने शिक्षा गुणस्तरीय र सीपमूलक भएमा यसवा स्वरोजगार बन्न सक्ने बताउनुभयो । गण्डकी प्रदेश सरकारले सञ्चालन गरेको गण्डकी विश्वविद्यालय सीमित स्रोत र साधनमा सञ्चालन हुँदै आएको बताउँदै उहाँले सधैँ सरकारले बजेट दिन नसक्ने हुँदा विश्वविद्यालय आत्मनिर्भरतातर्फ अगाडि बढ्नसमेत उहाँले सुझाव दिनुभयो ।

समयमा भवन निर्माण सम्पन्न गरी प्रभावकारी व्यवस्थापनसहित काम गरी अगाडि बढ्न उहाँले विश्वविद्यालय परिवारलाई आग्रह गर्नुभयो । विश्वविद्यालयमा राजनीति हुन नहुने भन्दै उहाँले विद्यार्थीका चाहना पूरा हुनेगरी शिक्षामा केन्द्रित हुन सबैलाई सुझाव दिनुभयो । गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले बजारको मागलाई ध्यान दिँदै विश्वविद्यालयले आफ्ना पाठ्यक्रमको विकास गर्नुपर्नेमा जोड दिनुभयो । प्राविधिक र सीपमूलक शिक्षाले देशको बेरोजगारीलाई कम गर्न सकिने भनाइ उहाँको छ ।

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले विज्ञान र प्रविधिलाई अगाडि बढाउने लक्ष्यसहित सञ्चालनमा ल्याइएको उक्त विद्याविद्यालयले राजनीतिभन्दा माथि उठेर गुणस्तरीय शिक्षामा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो ।

विश्वविद्यालयका कुलपति प्रा डा गणेशमान गुरुङले विसं २०७६ देखि सञ्चालनमा आएको यस विश्वविद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गएको दाबी गर्नुभयो । रु १० करोड ९२ लाखको लागतमा निर्माण गर्न लागिएको उक्त विश्वविद्यालयको मुख्य प्रशासनिक भवन १८ महिनाभित्र सम्पन्न हुने जनाइएको छ ।

## अत्यावश्यक सामग्री अभाव हुन नदिन 'सहजीकरण साझा संयन्त्र' निर्माण गरौं : कांग्रेस

पोखरापत्र संवाददाता
पोखरा, २० असोज

नेपाली काँग्रेसले विपद् प्रभावित क्षेत्रमा अत्यावश्यक खाद्यान्न, पानी, औषधि, इन्धनलगायत सामग्री अभाव हुन नदिन सरकारले सम्बन्धित निकायलाई प्रभावकारी परिचालन गर्न जरुरी रहेको सुझाव दिएको छ ।

यसका लागि स्थानीय तहको नेतृत्वमा सुरक्षा निकाय, निजी क्षेत्र, स्थानीय रूपमा क्रियाशील राजनीतिक दलहरू र सङ्घसंस्था सम्मिलित 'सहजीकरण साझा संयन्त्र' निर्माण गरेर कार्यसम्पादन व्यवस्थित गर्नुपर्ने काँग्रेसले जनाएको छ ।

यही असोज ११ र १२ गतेको अविरल वर्षापछि आएको बाढी, पहिरो र डुबानका कारण प्रभावित जनताको उद्धार, राहत, पुनःस्थापना र पुनःनिर्माण सम्बन्धमा काँग्रेसले आइतबारप्रधानमन्त्री केपी शर्मा ओलीलाई ३४बुँदे सुझाव तथा ध्यानाकर्षण पत्र बुझाएको हो । पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा काँग्रेस शीर्षनेतासहित बुझाएको सुझाव तथा ध्यानाकर्षणपत्रमा विपद्को सामना गर्न तत्कालीन, अल्पकालीन र दीर्घकालीन अभियान व्यवस्थित र प्रभावकारी बनाउन आग्रह गरिएको छ । "तीनै तहका सरकार र निजी क्षेत्र, नागरिक समाज, स्वदेशी तथा विदेशी गैरसरकारी सङ्घसंस्था, गैरआवासीय नेपाली समुदायसँग समन्वय र परिचालन गरेर सङ्कटग्रस्त घोषणा गरिएका क्षेत्र र प्रभावित क्षेत्रमा विपद्पछिको उद्धार, राहत र पुनःस्थापना कार्य द्रुत गतिमा व्यवस्थित ढङ्गले गरौँ", सुझावपत्रमा उल्लेख छ ।

काँग्रेसले नागरिकको यात्रामा आवश्यक सहजीकरण, समन्वय र सहयोग गर्न, अवरुद्ध सडक मर्मतसम्भारको कार्य तीव्र गतिमा अघि बढाउन तथा पक्की पुल निर्माणमा समय लाग्ने तथ्य दृष्टिगत गरी अविलम्ब बेलिबृज जडानको कार्य अघि बढाउन आग्रह गरेको छ । त्यस्तै, काँग्रेसले अत्यावश्यक खाद्यान्न अभाव हुन नदिन तथा मिसावट र कालोबजारी नियन्त्रण गर्न सबै तहका सरकार र सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन गर्नुपर्नेमा जोड दिएको छ ।

विपद् प्रभावितका लागि ५० लाख सहयोग

काँग्रेसले विपत्तिको बेला सबै विमति थाती राखेर सबै दल, निजी क्षेत्र, सङ्घसंस्था र व्यक्तिले राज्यकोषलाई सहयोग गर्न जरुरी रहेको उल्लेख गरेको छ । कोभिड-१९ महामारी र जाजरकोट भूकम्पको समयमा जस्तै यो प्राकृतिक विपद्लगत्तै काँग्रेसले आफ्ना सांसदहरूको १५ दिनको तलबसहित रु ५० लाख राज्यकोषमा जम्मा गरिसकेको छ । पार्टीले प्रधानमन्त्री विपद् व्यवस्थापन कोषमा आफूले सक्ने सहयोग गर्न स्वदेश र विदेशमा रहेका समस्त नेपाली नागरिक र सङ्घसंस्थालाई आह्वानसमेत गरेको छ । "प्रधानमन्त्री विपद् व्यवस्थापन कोषबाट प्रदान गरिने आर्थिक सहयोग रकम स्थानीय सरकारलाई उपलब्ध गराएर पारदर्शी प्रक्रियामार्फत व्यवस्थित रुपले उद्धार र राहतको कार्य सञ्चालन गरौँ", ध्यानाकर्षणपत्रमा उल्लेख छ । पार्टीले विपद्मा घाइते भएकाको सम्पूर्ण उपचार राज्य कोषबाट गर्ने सरकारको निर्णयको स्वागत गर्दै राज्यको यो प्राथमिक जिम्मेवारीलाई व्यवस्थित रुपले सम्पादन गर्न आग्रह गरेको छ ।

प्रभावित क्षेत्रमा सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकले भनै जटिल स्थिति सामना गर्नु परेको तथ्य दृष्टिगत गरी अस्थायी आवास, खाद्यान्न, लत्ताकपडा, औषधि, सुरक्षालगायतको अलग र विशेष व्यवस्थाका लागि स्थानीय तह तथा संयन्त्रलाई विशेष जिम्मेवार सिहित विशेष रुपले प्रेरित र परिचालित गर्नुपर्ने काँग्रेसको सुझाव छ । अल्पकालीन कार्ययोजनाअन्तर्गत विपद् पछि पुनःस्थापना र पुनःनिर्माण कार्यका लागि स्थानीय सरकारसँग समन्वय तथा विज्ञहरूसँग परामर्श गरेर राष्ट्रिय योजना आयोग र प्रदेशका आयोगहरूको सक्रियतामा विश्वसनीय प्रतिवेदन दुई हप्ताभित्रै तयार गर्नुपर्ने काँग्रेसको सुझावपत्रमा उल्लेख छ । आउँदो हिउँद दृष्टिगत गरेर प्रभावितलाई जतिसक्दो चाँडो आवास प्रबन्ध गर्न जरुरी र अस्थायी आवास निर्माण गर्न चाहने नागरिकलाई अस्थायी आवास निर्माण गर्न प्रतिपरिवार स्थानीय वडाको सिफारिसमा स्थानीय सरकारमार्फत नगद दिने व्यवस्था गर्नुपर्नेमा काँग्रेसले जोड दिएको छ ।

बालबालिकाको मनोविज्ञानमा प्राकृतिक प्रकोपबाट परेको नकारात्मक असर कम गर्न उद्धार र राहतको प्राथमिक चरणलगत्तै शिक्षण संस्थाहरू सञ्चालन गर्न तथा मनोवैज्ञानिक कक्षा अतिरिक्त रूपमा राख्न स्थानीय सरकारमार्फत पहल र समन्वय गर्नुपर्ने भन्दै काँग्रेसले सरकारको ध्यानाकर्षण गराएको छ ।

कृषकलाई क्षतिपूर्ति उपलब्ध गराउन आग्रह

क्षति भएका कृषिबाली, पशुपक्षी र क्षति व्होरेका कृषकको क्षतिको अवस्था विश्लेषण गरी किसानलाई निश्चित क्षतिपूर्ति उपलब्ध गराउँदै उपयुक्त बालीको उत्पादन क्रियामा पुनः सक्रियताका लागि स्थानीय सरकारमार्फत प्रेरित र सहजीकरण गर्नुपर्ने सुझावपत्रमा उल्लेख छ ।

काँग्रेसले संविधान र कानुनप्रदत्त अधिकार कार्यान्वयन विपद्अघि तथा पछि कुन तहको सरकारले के गर्ने भनेर एउटा 'विपद् व्यवस्थापन निर्देशिका'को प्याकेज खाका निर्माण गरेर त्यसलाई अक्षरशः कार्यान्वयनमा ल्याउने साझा राष्ट्रिय सङ्कल्प जरुरी रहेको सुझाएको छ । विपद्सम्बन्धी पूर्वसूचनालाई नागरिक तहमा स्थानीय सञ्चारमाध्यममार्फत स्थानीय भाषामा सम्प्रेषण गर्ने, स्थानीय सरकार, दल र स्वयंसेवी संस्थामार्फत घरसम्मै पुऱ्याउन अभिप्रेरित गर्नुपर्ने सो पार्टीले उल्लेख गरेको छ ।

काँग्रेसले भविष्यका सम्भावित विपद् दृष्टिगत गरेर निश्चित हदसम्मको विपद् झेल्न सक्ने गरेर सम्भावित भूगोलका सडक, पुल, जलविद्युत् आयोजना, सिँचाइ, खानेपानीजस्ता पूर्वाधार बलियो रूपमा खडा गर्न सोही अनुसारको मापदण्ड र कार्ययोजना लागू गर्न सम्बन्धित निकायलाई निर्देशित र परिचालित गर्नुपर्ने जनाएको छ ।

## संस्कृतिको संरक्षण गरौँ: मुख्यमन्त्री सिंह

पोखरापत्र संवाददाता
पोखरा, २० असोज

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले संस्कृतिले धनी मुलुक नेपालमा हरेक जातिको कला, संस्कृति संरक्षण गर्न आवश्यक भएको बताउनुभएको छ ।

पोखरा-२७ को लेखनाथस्थित तालचोकमा मधेस-कास्की सम्पर्क समाजद्वारा आयोजित नवदुर्गा पूजाको आइतबार उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले विविधताले भरिपूर्ण नेपालका विभिन्न भागमा छरिएर रहेका मधेसीले विशेष रुपमा मनाउने नवदुर्गा पूजाको आफ्नै मौलिक संस्कृति रहेको भन्दै यसको संरक्षण गर्नु जरुरी रहेको बताउनुभयो । सबै जातजाति मिलेर बसेको नेपालमा गणतन्त्र स्थापना गर्न मधेसी जनताले निर्वाह गरेको भूमिका महत्वपूर्ण रहेको बताउँदै सङ्घीयतालाई बलियो बनाउन सबै नेपालीको सहयोग आवश्यक रहने उहाँले उल्लेख गर्नुभयो । जनप्रतिनिधिले जनताको पक्षमा काम गर्नुपर्नेमा जोड दिँदै मुख्यमन्त्री सिंहले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र मुख्यमन्त्री भएमा पाँच वर्षसम्म आफ्नो योजनाअनुसार काम गर्न सकिने धारणा राख्नुभयो ।

देश र जनतालाई समृद्ध बनाउन सरकारले आफ्ना कामहरु तीव्र पार्नुपर्ने बताउँदै कृषि, पर्यटन र उद्योग क्षेत्रको विकास सबैको सहकार्य र सहयोग

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# एन प्याक्सन कास्कीको २६ औं वार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २० असोज

गण्डकी प्रदेश सरकारका प्रदेश प्रमुख डिल्लीराज भट्टले सामुदायिक विद्यालय र निजि विद्यालयको अधिकार समान हुनु पर्ने बताउनुभएको छ।

नेशल प्याब्सन कास्कीको आइतबार सम्पन्न २६ औं वार्षिक साधारण सभा तथा शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै प्रदेश प्रमुख भट्टले समान अधिकारका लागि आवज उठाउन आग्रह गर्नुभयो।

'अव छिट्टै नै शिक्षा सम्वन्धि नयाँ कानुन आउदैछ' भट्टले भन्नुभयो, 'कानुन वन्ने वेलामानै तपाईहरु तात्नु पर्ने वेला आएको छ।' निजी विद्यालयकै अथक मेहनेतले रिजल्ट राम्रो आएको उहाँको भनाई थियो। 'निजि विद्यालयमा नै अध्ययन गर्ने विद्यार्थीको रिजल्ट उत्कृष्ट देखिएको छ' उहाँले भन्नुभयो, ' तपाईहरुले शिक्षा क्षेत्रमा पुऱ्याएको अथक मेहनत र योगदानको राज्यले महशुस गरेको छ।' सरकारी क्षेत्रको अनुभव सहितको दक्षता र निजि क्षेत्रको क्षमतायुक्त उर्जाले शिक्षामा गुणस्तरीयता अभिवृद्धि



गर्ने सकिने उहाँको भनाई थियो।

प्राविधिक सिप विनाको सैद्धान्तिक डिग्री प्रभावकारी नहुने बताउँदै उहाँले विश्व प्रतिष्पर्धामा उत्रन प्राविधिक शिक्षा अपरिहार्य रहेको उल्लेख गर्नुभयो। उहाँले धेरै विद्यार्थी अध्ययन गर्ने निजि विद्यालयहरुले विद्यार्थीको आचरण, अनुशाशन र चरित्र निर्माण विशेष ख्याल राख्न आग्रह गर्नुभयो।उहाँले नेपालको शिक्षाको विकासमा सार्वजनिक निजि साझेदारी अवधारणाको शक्तिलाई विकास गर्नु पर्ने बताउनुभयो। नेशनल प्यव्सनका केन्द्रीय अध्यक्ष सुवास न्यौपानेले लामो समय सम्म संघिय शिक्षा ऐन नआउदा शैक्षिक क्षेत्रमा समस्या वल्झिएको बताउनुभयो। 'तत्कालिन राजा महेन्द्रका पालमा वनेको शिक्षा ऐन वल्ल ५३ वर्ष पछि वन्दै छ' उहाँले भन्नुभयो, 'संघिय शिक्षा ऐन नवन्दा स्थानीय तहमा भएका फरक फरक कानुनले अप्ठ्यारो परेको छ।' उहाँले संघिय शिक्षा ऐन कस्तो खालको आउनी हो त्यौ चुनौतिको विषय रहेको उल्लेख गर्नुभयो। पछिल्लो समय धेरै मानिस डिप्रेसनको सिकार बनेको बताउँदै जिवन जिउने खालको शिक्षा अहिलेको आवश्यकता रहेको प्रष्ट पार्नुभयो।

एन प्याक्सन गण्डकी प्रदेशका अध्यक्ष राम बहादुर मोचीले परीक्षालाई लक्षीत गरेर पढाइ हुने गरेको बताउँदै अव कक्षा कोठाको सिकाइ लक्षित परीक्षाको व्यवस्था हुनु पर्ने उल्लखे गर्नुभयो। उहाँले राष्ट्र र समाजलाई खाँचो र आवश्यकता महशुस गरी काम गर्न सकेमा निजि विद्यालयको महत्व वढ्ने बताउनुभयो। साधारण सभामा संस्थाका सचिव प्रेमराज अधिकारी, कोषाध्यक्ष राजु केसी, र लेखा संयोजक दिपु भारीले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा राष्ट्रिय परीक्षा वोर्ड गण्डकी प्रदेशका निर्देशक लक्ष्मण देवकोटा, शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, पोखरा महानगर पालिका शिक्षा महाशाखाका निर्देशक हेमप्रसाद आचार्य नेशनल प्याब्सनका निवर्तमान वरिष्ठ उपाध्यक्ष तथा सल्लाहकार ज्ञानेन्द्रमोहन भट्टराई, प्याब्सन कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेल, हिसान कास्कीका अध्यक्ष दिवाकर जैसी, नेल्टा कास्कीका अध्यक्ष अजय थापा, प्रज्ञा पब्लिकेशनका रमेशराज बराल, राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठानका प्रशाशन सचिव जीवन दाहाले शुभकामना मनतव्य व्यक्त गर्नुभएको थियो।

एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष मनकाजी गुरुङले स्वागत र सचिव प्रेमराज अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# चाँडपर्वको अवसरमा सर्वेश्वर-पराजुली मार्गमा मिनी मेला शुरु

पोखरापत्र संवाददाता
पोखरा, २० असोज

पोखराको सबैभन्दा ठूलो होलसेल बजार सर्वेश्वर-पराजुली मार्गमा चाँडपर्वलक्षित मिनी मेला आयोजना गरिएको छ।

नेपालीको महान चाँड बडादशैं, तिहार, नेपाल सम्वर्त तथा छठ पर्वको पावन अवसरमा सर्वेश्वर व्यवसायी समितिको आयोजनामा होलसेल बजार सर्वेश्वर-पराजुली मार्गमा मिनी मेला शुरु भएको हो। असोज १७ गतेदेखि शुरु भएको मिनी मेला चाँडपर्व भरी जारी रहने सर्वेश्वर व्यवसायी समितिका अध्यक्ष तुलबहादुर थापा (राजन)ले जानकारी दिए। मेला हरेक दिन साँझ ५ बजेदेखि शुरु भई राती ८ बजेसम्म जारी रहने उनले बताए। मेलाको समयमा व्यवसायीले आफ्ना सामानहरु आफ्नो पसल अगाडि राखेर सजाउने छन्। तर अन्य व्यवसायीलाई असर नपर्नेगरी सामान राखिने अध्यक्ष थापाको भनाई छ। मिनी मेलाको अवसरमा सर्वेश्वर मार्ग र पराजुली मार्ग भित्रका जुनसुकै पसलहरुमा



भारी छुटका साथ सामानहरु बिक्री गरिने समितिका महासचिव विशाल अधिकारीले जानकारी दिए। 'ग्राहकले सामान सस्तो पाओस् अनि व्यवसायीले स्टक सामान कटाओस् भन्ने उद्देश्य हो हाम्रो'-उनले भने। दसैं उत्सवमा किनमेल गर्ने ग्राहकका लागि बम्पर उपहार योजना सञ्चालन गरिएको छ। सो बजारमा सामान खरिदमा कुपन दिइने गरिएको छ। चाडपर्व सकिएपश्चात् चिट्ठा खोलिने योजना रहेको अध्यक्ष थापाले बताए। बम्पर उपहारमा स्कुटर, साइकल, ल्यापटप, मोबाइल र ४ जनालाई ५/५ हजार सान्त्वना स्वरूप दिईने जनाइएको छ। सर्वेश्वर र पराजुली मार्गमा आफ्नै र स्वेदशी गार्मेन्टबाट उत्पादित सामान, फेन्सी तथा रेडिमेड सामान, श्रृंगारका सम्पूर्ण सामान, काँचो कपडा, जुत्ता, चप्पल, व्याग, गिफ्ट तथा खेलौनाका सामान थोक तथा खुद्रा मूल्यमा पाईन्छ। होलसेल तथा खुद्रा दुवै व्यापार हुने यी दुई मार्गमा स्याङ्जा, वालिङ, तनहुँ, लमजुङ, पर्वत, बागलुङ, म्याग्दीदेखि मनाङ र मुस्ताङ तथा पूर्वी रुकुम र पश्चिम रुकुमसम्मका खुद्रा व्यापारी ग्राहकका रुपमा आउने गरेको वरिष्ठ उपाध्यक्ष छवीलाल गौतमले जानकारी दिए।

# बाढीपहिरोमा परी दुई सय ४४ जनाको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २० असोज

हालैको बाढीपहिरामा परी हालसम्म दुई सय ४४ जनाको मृत्यु भएको छ भने १९ जना बेपत्ता छन्। अन्य एक सय ७९ जना घाइते भएका छन्।

गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीका अनुसार बाढीपहिरो प्रभावित क्षेत्रबाट १७ हजार एक सय ७४ जनाको उद्धार गरिएको छभने सहायता परिचालन र अवरुद्ध राजमार्गको मर्मतसम्भार गरी यातायातका साधन सञ्चालनको प्रयास जारी छ। "बाढीपहिरो पीडितको विवरण सङ्कलन स्थानीयस्तरबाट भइरहेको छ। त्यो प्राप्त भएपछि अस्थायी आवासका निम्ति सरकारले प्रदान गर्ने सहायता रकम वितरण हुनेछ। स्थानीय तहबाट प्रभावित परिवारलाई खाद्यान्नलगायत सहयोग प्रदान भएको छ", उहाँले भन्नुभयो। सरकारले जिल्ला विपद् व्यवस्थापन कोषमार्फत प्रतिमृतक रु दुई लाखका दरले निजका परिवारलाई सहायता रकम उपलब्ध गराएको छ। हालसम्म त्यस्तो सहायता एक सय ६० परिवारले पाइसकेका छन्।

बाढीपहिरामा परी सबैभन्दा बढी काभ्रेपलाञ्चोकमा ७२ जनाको मृत्यु भएको छभने त्यहाँ हालसम्म ५९ मृतकका आफन्तलाई आर्थिक सहयोग प्रदान गरिएको प्रवक्ता तिवारीले बताउनुभयो।

# सत्य युवा सेवा समिति बाँझापाटनको कालरात्री फेस्टिभल

पोखरापत्र संवाददाता
पोखरा, २० असोज

पोखरा १३ मा रहेको सल्लाघारी डाँडामा पार्क निर्माण हुने भएको छ। स्थानीय श्री सत्य युवा सेवा समितिले सो ठाउँमा रमणीय पार्क निर्माण गर्न लागेको हो।

'सल्लाघारीमा निर्माण हुने पार्कले पोखरामा एउटा पर्यटकीय गन्तव्य थपिने र पोखरा १३ को पर्यटन प्रवर्द्धनसमेत हुने भएकाले हामीले यो निर्णय गरेका हौं,' सत्य युवा सेवा समितिका अध्यक्ष हितमान गुरुङले भने,' पार्कसम्म जानको निम्ति सिँढी पनि बनाइने छ। पार्कमा पुग्नेहरुले पोखराको उत्तरपूर्वी क्षेत्रको रमणीय दृष्य हेर्न पाउनेछन्। पोखराको नजिकको क्षेत्रमा एउटा बनभोज स्थल पनि थपिने छ।' उनका अनुसार सल्लाघारीमा पार्क निर्माणको लागि गण्डकी प्रदेशको उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालयले १० लाख रुपैयाँ विनियोजन गरेको छ। तर, सो रकमले मात्र नपुग्ने र थप पूर्वाधारसमेत निर्माण गर्नुपर्ने आवश्यकता भएको पनि उनको भनाइ छ। त्यही आवश्यकतालाई पूरा गर्न सत्य सेवा समितिले आउँदो असोज २५ गते १९ औं संस्करणको 'कालरात्री म्युजिकल फेस्टिभल-२०८१' आयोजना गर्ने भएको पनि उनले जनाए।

अध्यक्ष गुरुङका अनुसार कालरात्री म्युजिक फेस्टिभलमा पूर्ण राई एण्ड दाजुभाइहरु,दी ड्रिमेज ब्याण्ड, नेपाल आइडलको अन्तिम ५ मा पुगेका मानव परियार, रोहनजंग कार्कीलगायतको प्रस्तुति रहने छ। सो कार्यक्रमको संचालन चाहिँ आयुष श्रेष्ठले गर्नेछन्। गीत-संगीतमार्फत् मनोरञ्जन प्रदान गर्नुका साथै युवाहरुलाई रचनात्मक कार्यमा लगाउने उद्देश्यले कालरात्री म्युजिक फेस्टिभल आयोजना गरिएको अध्यक्ष गुरुङको भनाइ छ।

'कालरात्री म्युजिक फेस्टिभल परम्पराको निरन्तता पनि हो, युवाहरुलाई एकै ठाउँमा भेला गराउने अवसर पनि हो,'अध्यक्ष गुरुङले भने,' तर, यो पटक हामीले नयाँ रचनात्मक काम पनि गर्दैछौं।

र्यटनको राजधानी पोखरामा थप एउटा पर्यटकीय गन्तव्य पनि निर्माण हुँदैछ।' फेस्टिभललाई देश विदेशबाट सहयोग आउने क्रम जारी रहेको बताउँदै उनले सबै सहयोगीलाई धन्यवाद ज्ञापन पनि गरे। बाँझापाटनमै हुने कार्यक्रमको अनलाइन टिकट बुकिङ भइरहेको छ। टिकट दर ५ सय र १ हजार कायम गरिएको छ।

# संस्कृतिको ...

आवश्यक पर्ने मुख्यमन्त्री सिंहले बताउनुभयो। पोखरा-जनकपुर सिधा जहाज उडाउन सक्यौं भने नेपालको पर्यटन विकासमा टेवा पुग्ने भन्दै सिधा उडानले जनकपुरको जानकी मन्दिरमा आउने भारतीय पर्यटन पोखरा आउन सहज हुने विश्वास व्यक्त गर्नुभयो। भारतीय पर्यटकका लागि मुस्ताङमा अवस्थित मुक्तिनाथ मन्दिर धार्मिक गन्तव्य भएकाले पनि पोखरा जनकपुर सिधा उडान गर्न जरुरी भएको उहाँले औंल्याउनुभयो। वर्तमान शिक्षा नीतिले युवाले रोजगारी प्राप्त गर्न नसक्ने हुँदा शिक्षामा परिवर्तन गर्दै रोजगारमूलक शिक्षाको विकास गर्न उहाँले सङ्घ सरकारलाई सुझाव दिनुभयो। उक्त पूजा नौ दिनसम्म सञ्चालन हुनेछ। मधेस-पोखरा सम्पर्क समाजका अध्यक्ष सतेन्द्रकुमार दासको अध्यक्षतामा भएको उक्त कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य सङ्घका महासचिव जानुका पराजुलीले नेपाली जातिको संस्कृतिको संरक्षण गर्ने दायित्व सरकारको भएको बताउनुभएको थियो।

# अन्नपूर्ण क्षेत्रमा पर्यटक आगमन बढ्यो

पोखरापत्र संवाददाता
पोखरा, २० असोज

पदयात्राका लागि प्रख्यात अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्यटक आगमन बढेको छ।

बितेका तीन महिनामा ३४ हजार छ सय ५१ विदेशी पर्यटक उक्त क्षेत्रमा भित्रिएका छन्। गत जुलाईमा पाँच हजार दुई सय ४९ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेकामा सेप्टेम्बरमा बढेर पर्यटकको सङ्ख्या २३ हजार ८८ पुगेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ। अगष्टमा त्यस क्षेत्रमा पुग्ने विदेशी पर्यटकको सङ्ख्या छ हजार तीन सय १४ थियो। आयोजना प्रमुख डा रविन कडरियाका अनुसार यो यामको सेप्टेम्बर र अक्टोबरमा सबैभन्दा बढी पर्यटक उक्त क्षेत्रको भ्रमणमा आउने गरेका छन्। सेप्टेम्बरमा घुमफिरका लागि आएका विदेशी पर्यटकमध्ये दक्षिण एसियाली मुलुकका ११ हजार छ सय ८२ र अन्य देशका ११ हजार चार सय छ जना छन्।

अगष्टमा सार्क क्षेत्रका तीन हजार तीन सय ८३ र अन्य मुलुकका दुई हजार नौ सय ३१ पर्यटकले एक्यापको भ्रमण गरेका थिए। जुलाईमा सार्क क्षेत्रका तीन हजार तीन सय ५० र अन्य मुलुकका एक हजार आठ सय ९३ जनाले भ्रमण गरेका थिए। एक्यापभित्र पर्ने अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, सिक्लेस, खुमैडाँडा, मनाङको तिलिचो ताल, थोरङभञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ, म्याग्दीको घोडेपानीलगायत क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको छ। आन्तरिक पर्यटक पनि यही याममा बढी आउने गरेका छन्।

गत आर्थिक वर्षमा दुई लाख २२ हजार एक सय ८० विदेशी पर्यटक भित्रिएका थिएभने तिनमा एसियाली मुलुकका एक लाख १७ हजार आठ सय ४५ र अन्य मुलुकका एक लाख चार हजार दुई सय ५६ जना थिए।


## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

**चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,**

- ◆पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं।
- ◆सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं।
- ◆सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं।
- ◆सवारीसाधनको छतमा बसेर यात्रा नगरौं।
- ◆सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं।
- ◆मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं।
- ◆दुर्घटनावाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।


**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- ● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- ● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- ● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- ● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :
- » शरिरको एक हर नचल्ने।
- » मुख बाङ्गो भएको।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- » हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गीत र नृत्यमा पौराणिक विष झल्कने ‘पुख्र्यौली’

**सन्तोष गौतम**
म्याग्दी, २० असोज

‘आकाशैको मुलीमा तारा भुइँमा खस्यो
सरस्वती गुरुज्यू शिरैमा चढाउला.....’

रघुगङ्गा गाउँपालिका-५ झिँका ६८ वर्षीय देवानसिंह थजालीले सोरठीको भाकामा तिमीलाई शिरमा राखेर आएका हामीलाई रक्षा गरिदिनुहोस् सरस्वती माता भन्ने भावलाई गीतबाट प्रस्तुत गर्नुभयो । उहाँको साथमा रहेका महिला कलाकारले उहाँलाई साथ दिनुभएको थियो ।

कछाड र भाङ्ग्रामा सजिएका दुई जना (मादले)ले थजालीको भाकामा कम्मरमा भिरेको मादल बजाउँदै नाच्न थाले । महिलाको पहिरनमा सजिएका थप दुई जना (मारुनी) कलाकार पनि मादलेसँगै लय मिलाएर नृत्यलाई निरन्तरता दिए ।

‘सोह्र सय गोपीनीले यमुना नुहाउँदैछन्
कृष्णजी अयोध्याबाट आउँदैछन्....’

जस्तै विभिन्न धार्मिकग्रन्थका विषयलाई गीतका माध्यमबाट प्रस्तुत गरिने पुख्र्यौली गीत र नाच म्याग्दीका मगर समुदायको मौलिक सांस्कृतिक पहिचान भएको थजालीले बताउनुभयो ।

“पुख्र्यौली गीत र नृत्यले देवीदेवताको सम्मान गर्छ, यसमा प्रेमका विषय हुँदैनन्”, झिँका अगुवा मारुनी कलाकार रेशमबहादुर थजालीले भन्नुभयो, “जस्तै हन्दू धर्मग्रन्थको रामायणमा राम र सीताको बिहे भएकोदेखि वनबास गएको र रावणसँगको युद्धका विषयलाई गीत र नृत्यका माध्यमबाट प्रस्तुत गर्नु नै ‘पुख्र्यौली’को प्रमुख विषेशता हो ।”

**अनौठो मौलिक नाच**

सोरठी गीतको भाकामा मादलको तालमा नाचिने यो नृत्य मगर समुदायको विवाह, व्रतबन्ध, क्षवरलगायत शुभकार्यमा अनिवार्य देखाउने चलन छ । दुःख पर्दाको समयमा सान्त्वना दिन सोरठी भाकामा गाउने चलन छ । गीतको भाका र नाच्नेबीच मादलको ताल मिल्नुपर्छ । पुख्र्यौली सात रात सात दिनसम्म पनि गाएर/नाचेर नसकिने मान्यता छ ।

पुख्र्यौली नाच देखाउँदा महिलाले सोरठी भाका गाउने गर्छन् । पुरुषहरू कोही-कोही महिलाले लगाउने चोली, गुन्यू, पटुका, घल्याङ, पछ्यौरा, माला, हातमा रैयाले सिङ्गारिएर मारुनी बन्छन् भने सोही अनुपातमा शिरमा फेटा-टोपी, भोटो, खादी भाङ्ग्रा र कम्मरमा मादल भिरेर कोही मादले बनेर (मादले मारुनी) नाच देखाउँछन् ।

विशेषगरी यो नाच सुरु गर्नुपूर्व सरस्वती जगाउने गरिन्छ । मादलको तालअनुसार देखाइने यो नाचमा सरस्वती जगाउँदा चोखो शरीर भएकाहरू एक्कासी काम्ने गर्छन् । पूर्ण रूपमा अचेत नभए पनि स्वतःस्फुर्त रूपमा मादलको तालले उनीहरूका शरीरमा कम्पन ल्याउने र काम्ने गरेको पुख्र्यौली नाच्ने कालकारको भनाइ छ ।

नाच सुरु हुनुपूर्व नै स्थानीय पुख्र्यौली भाकामा गाउने गीतसँगै मादलको तालमा काम्न सुरु गर्नेहरूमा मादलको २२ ताल पुगेपछि मात्रै आफैँ कम्पन हराउने झिँका अगुवा मारुनी कलाकार थजालीले बताउनुभयो । उहाँका अनुसार नृत्य प्रस्तुत भइरहँदा कार्यक्रममा सहभागी केही-केही पत्याउनै गाह्रो पर्नेगरी एक्कासी काम्न सुरु गर्ने यो नृत्यमा हराउने गर्दछन् ।

**संरक्षणका लागि पुस्तान्तरण**

अन्य सार्वजनिक कार्यक्रममा समेत गुञ्जिने सोरठी गीत र नाचिने मादले मारुनीलाई म्याग्दीका धेरै बस्तीका मगर समुदायले पुस्तान्तरण गरेर जोगाएका छन् । पुख्र्यौली नाच संरक्षणका लागि अग्रज र पाका कलाकारहरूबाट नयाँ पुस्तामा संस्कृति हस्तान्तरण हुँदै आएको छ ।

रघुगङ्गा गाउँपालिका-५ झिँका ३५ वर्षीय टकबहादुर गर्बुजाले मनोरञ्जन र रमाइलोसँगै पुराना संस्कृति जोगाउन मारुनी नाच सिकेको बताउनुभयो । “केही वर्ष अघिसम्म बूढापाकामात्रै नाच्न र गाउन सक्ने भए पनि पछिल्लो समय युवा जमातसमेत नाचमा सहभागी हुन थालेका छौँ”, उहाँले भन्नुभयो, “अघिल्लो पुस्ताले हामीलाई सिकाउनुभयो, हामीले पछिल्लो पुस्तालाई पुख्र्यौली संस्कृतिको ज्ञान, सीप र मौलिकता हस्तात्रण गरेर लोप हुन दिँदैनौँ ।”

युवावर्ग वैदेशिक रोजगारीमा जाने क्रमले पछिल्लो युवापुस्ता र पुरानो पुस्ताबीचमा संस्कृति हस्तान्तरणमा खाडल देखिएपछि तालिम, सहजीकरणलगायत माध्यमबाट संस्कृति संरक्षणमा पहल गरिएको रघुगङ्गा गाउँपालिका-५ का वडाध्यक्ष मनबहादुर शेरमञ्जाले बताउनुभयो । “पुख्र्यौली संस्कृति पुर्खाको सम्पत्ति र हाम्रो लागि गहना हुन्”, उहाँले भन्नुभयो, “युवापुस्तालाई यसप्रति आकर्षण गर्ने र संस्कृति जोगाउने प्रयास गरेका छौँ ।”

# दर्शन सहकारीको साधारण सभा, विभिन्न व्यक्ति सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज



दर्शन सहकारी तथा ऋण संस्था लिमिटेड पोखराको १४ औं साधारण सभा पोखराको नेपाल ठकुरी संगम परिवार कास्कीमा सम्पन्न भएको छ । शनिबार भएको सभाले आर्थिक वर्ष ०८०/०८१ असार मसान्त सम्मको संस्थाको आर्थिक गतिविधि लेखापरिक्षण प्रतिवेदन सर्वसम्मतले पास गरेको हो ।

नेपाल ठकुरी संगम परिवार कास्कीका प्रमुख सल्लाहकार डा. बिरेन्द्र हमालले सहकारी गौरब लाग्दो र राम्रो सहकारी बनाएर सेवा प्रदान गर्न आवश्यक रहेको बताउदैं कार्यसमितिलाई आ-आफ्नो जिम्मेवारी बहन गर्न अनुरोध गर्नुभयो । हमालले सहकारीलाई सक्षम बनाउन सन्चित कोष रकम बढि जम्मा गर्नु पर्ने बताउदै सहकारीलाई राज्यले समेत महत्वपुर्ण रुपमा लिएका हुँदा यसलाई सकारात्मक ढंगले सबैले सहयोग गर्नुपर्ने जोड दिनुभयो ।

ठकुरी महासघंका केन्द्रिय अध्यक्ष तथा दर्शन सहकारी सस्थापक अध्यक्ष खिम बहादुर शाहिले ठकुरीले छरिएर रहेको पुजिलाई एकिकृत गर्दै लैजाने सोचले सहकारीको स्थापना गरिएको बताउदै जनतामा आर्थिक जागरण लयाउने काम गरेको बताउनुभयो ।

कार्यक्रममा ठकुरी संगम परिवार कास्कीका अध्यक्ष शेर बहादुर उच्चैले सहकारीले समाजमा उल्लेख्य योगदान गरेको भएता पनि केही सहकारीले नियतवस वदमासी गरेको हुनाले सदस्यहरुले सहकारीलाई छानेर विश्वासिलो संस्थामा मात्र कारोवार गर्नु पर्ने कुरामा जोड दिदै आफ्नो सहकारीका शेयर सदस्यहरुले सस्थाकाका बारेमा जानकारी लिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहकारीका शेयर सदस्य पुतलीबजार प्रज्ञाप्रतिष्ठानका उपकुलपति दुर्गा शाह बाबा, शेयर सदस्यका छोराछोरी १२ दिएका यस वर्ष उत्कृष्ट नतिजा लयाउने उत्सल खाँण, एन्जल मल्ल, सम्पुर्ण सिंह ठकुरी, स्वस्तिका शाहीलाई समान गरेका थिए ।

त्यसैगरी अमेरिकाको फेन्टिएर नर्सिङ विश्वविद्यालयबाट नर्सिङमा मास्टर गर्नुभएको अनु मल्ल, पोखरा चाईल्ड स्टार सिजन २ मा फस्ट रनरअप ईन्दु सेन र सेकेन्ड रनरअप नज्योशा सिंह ठकुरी, जेष्ठ शेयर सदस्यहरु नन्द बहादुर मल्ल, गंगा बहादुर खाँण, दुर्गा कुमारी शाही, असल सहकारी अभ्यासकर्ता धनबिक्रम शाही, तुलसी कुमारी मल्ल, खिम बहादुर शाही लगाएतलाई सम्मान गरेका थिए ।

दर्शन सहकारी संस्थाका अध्यक्ष राजाराम शाहीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष लक्ष्मण मल्ल र सचिव ज्योती हमालले सञ्चालन गर्नु भएको थियो ।

# नेपाल रेडक्रस सोसाइटीको शुभकामना आदानप्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज



नेपाल रेडक्रस सोसाइटी पोखरा - ३३ उपशाखा भरतपोखरीले बडादशैं, दिपावली, छठ लगायतका चाडपर्वका अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका सदस्य तथा जुनियर युवा समिति संयोजक रमेशराज भण्डारीले रेडक्रसका आदर्श र सिद्धान्त लगायतका विषयमा प्रकाश पार्नुभयो । नेपाल रेडक्रस सोसाइटी पोखरा - ३३ उपशाखाका सभापति टुकराज भण्डारीले शाखाका गतिविधि बारे प्रकाश पार्नुभयो । कार्यक्रमका सहभागीलाई युवराज शर्माले डेँगी रोग नियन्त्रण सम्बन्धमा सचेतनामुलक प्रशिक्षण दिनुभएको थियो । पोखरा महानगरपालिका वडा नं ३३ का वडा सदस्य प्रकाश कार्की, रेडक्रस सोसाइटी कास्की जिल्ला समितिका सदस्य डिल्लीराम बराल, बुद्धिजीवि नन्दलाल काफ्ले, युवा समाजसेवी दिनेश आचार्य, रामजीप्रसाद अधिकारी, ई.कृष्ण प्रसाद अधिकार लगायतले रेडक्रसको प्रभावकारी भूमिका लगायतका विषयमा प्रकाश पार्नुभएको थियो । उपशाखाका सभापति भण्डारीको सभापतित्व एवम् सचिव तुलशीमणि अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत उपसभापति शान्तिदेवी अधिकारीले गर्नुभएको थियो भने रेडक्रसका सात सिद्धान्त प्राप्ति भण्डारीले वाचन गर्नुभएको थियो । कार्यक्रमकै अवसरमा बलबहादुर केसी अध्यक्षतामा ११ सदस्यीय नेपाल युवा रेडक्रस सर्कल भरतपोखरी गठन गरिएको छ ।

# पदमार्ग र अन्नपूर्ण आधार शिविरमा खेलाडीद्वारा सरसफाइ

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० असोज

जिल्लाको अन्नपूर्ण गाउँपालिका-७ घराम्दीका खेलाडीले मौरिस हर्जोग पदमार्ग र संसारको सातौं अग्लो अन्नपूर्ण प्रथम हिमालको आधार शिविरमा सरसफाइ गरेका छन् । घराम्दीका भलिबल खेलाडीको १९ जनाको टोलीले आधार शिविर र नारच्याङको हुमखोलाबाट त्यहाँसम्म पुग्ने पदमार्गमा पर्यटकले फालेका फोहर व्यवस्थापन गरेका हुन् ।

कुहिने फोहरलाई खाडल खनेर गाड्ने र नकुहिने फोहरलाई सङ्कलन गरी केही तल ल्याएर जलाइएको सरसफाइ कार्यक्रमको अगुवाई गर्नुभएका धनकुमार पाइजाले बताउनुभयो । यही असोज १७ गते आधार शिविरतर्फ गएको १९ जनाको टोली आज बिहान फर्किएको छ । “पर्यटक आगमन बढ्न थालेसँगै मौरिस हर्जोग पदमार्गमा फोहर बढ्न थालेकाले सरसफाइका लागि सन्देश दिन कार्यक्रम गरिएको हो”, पाइजाले भन्नुभयो, “यहाँको सुन्दरतालाई कायम गर्न फोहर व्यवस्थापनप्रति पर्यटकसहित सरोकार भएका सचेत हुनुपर्ने छ । अहिले गरिएको सरसफाइ कार्यात्रिमलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्छ ।”

घराम्दी गाउँको विकास र प्रवर्द्धनमा सहयोग गर्दै आउनुभएका हाल बेलायत निवासी पाइजा र फगामीले भ्रमण तथा सरसफाइ टोलीको सबै खर्च व्यक्तिगत रुपमा व्यवस्थापन गर्नुभएको थियो । आठ हजार मिटर अग्लो पहिलो मानव पाइला परेको अन्नपूर्ण हिमालको आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको वडा नं-४ मा पर्दछ ।

फ्रान्सका मौरिस हर्जोगले सन् १९५० जुन ३ तारिकका दिन आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गर्नुभएको थियो । मौरिस हर्जोगले अन्नपूर्ण आरोहण गरेको दुई वर्षपछि सगरमाथाको पहिलो आरोहण भएको थियो । मौरीस हर्जोगले अन्नपूर्ण हिमाल आरोहण गर्न प्रयोग गरेको पैदलमार्गलाई पछ्याएर तयार पारिएको नारच्याङबाट आधार शिविर जोड्ने ‘मौरिस हर्जोग’ पदमार्गमा पछिल्लो दुई वर्षयता आन्तरिक पर्यटकको आकर्षण बढ्न थालेको मौरिस हर्जोग पदमार्गका अभियान्ता तेज गुरुङले बताउनुभयो ।

गत वसन्तयाममा २५ जनाले अन्नपूर्ण आरोहणको अनुमति लिएका पर्यटन विभागले जनाएको छ । चालु शरदयाममा भने कसैले पनि अन्नपूर्ण आरोहणको अनुमति लिएका छैनन् । मौरिस हर्जोग पदमार्गका अभियान्ता गुरुङले दैनिकजसो आन्तरिक पर्यटकहरु आधार शिविर जान थालेका बताउनुभयो । हुमखोला हुँदै गुरासेडाँडा, फुतफेते झरना, सम्धीखर्क, भुसकेत, नारच्याङ पञ्चकुण्ड ताल हुँदै चार हजार एक सय मिटर उचाइको अन्नपूर्ण हिमालको आधार शिविर पुग्ने पदमार्गलाई प्रथम आरोहीको सम्मानमा ‘मौरिस हर्जोग’ नामाकरण गरिएको उहाँले जानकारी दिनुभयो । नारच्याङबाट ४२ किलोमिटरको दूरीमा रहेको नर्थ अन्नपूर्ण आधार शिविर पुग्नका लागि हुमखोलासम्म निलगिरिखोला जलविद्युत् आयोजनाले २० किमी सडकको मार्ग खोलिएको छ । विसं २०७७ माघमा नारच्याङमा अन्नपूर्ण पर्यटन महोत्सवसमेत आयोजना गरिएको थियो । अन्नपूर्ण र निलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । अन्नपूर्णको फेदीमा करिब २० हजार वर्गमिटरमा फैलिएको मनोरम पञ्चकुण्ड ताल यहाँको थप आकर्षणको रुपमा रहेको छ ।

होटल तथा लजको सुविधा नभएको यस पदमार्गमा पदयात्रीले आफैं खाने सामग्री लैजानुपर्छ । पाँच ठाउँमा आश्रयस्थल निर्माण भएका छन् । अस्ट्रेलियामा रहेकी रघुगङ्गा गाउँपालिका-१ बेगकी ललिता शेरपुञ्जाको अगुवाइमा हालै फुतफुते झरना नजिकैको आश्रयस्थलमा सार्वजनिक शौचालय निर्माण भएको छ । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले मौरिस हर्जोग पदमार्ग र आधार शिविरमा आश्रयस्थल, सार्वजनिक शौचालयलगायत पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा विनियोजन भएको रु एक करोड बजेट कार्यान्वयनको तयारी भइरहेको बताउनुभयो । उहाँले यस क्षेत्रमा पर्यटकको सुविधाका लागि पूर्वाधार निर्माण गरिने जानकारी दिनुभयो ।

# मनकामना महिला विकास सहकारी संस्थाको साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज





पोखरा १ अधिकारी टोल स्थित मनकामना महिला बिकास सहकारी संस्था लिमिटेडको २७ औ साधाणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष रमा अधिकारीको अध्यक्षतामा सम्पन्न भएको सो साधारण सभामा पोखरा महानगरपालिका वडा नं १ का वडाध्यक्ष शाहारा प्रधानको प्रमुख आतिथ्यता रहेको थियो भने अन्य अतिथिहरूमा समावेशी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सीता गुरुङ , सामुदायिक सेवा केन्द्र बगरका अध्यक्ष रामप्रसाद अधिकारी, अनन्ता सेवा समितिका अध्यक्ष सरिता सुवेदी, अभिभावकहरू रमेशप्रसाद अधिकारी, विष्णुप्रसाद अधिकारी कानुनी सल्लाहकार हरिप्रसाद अधिकारी, संस्थाका संस्थापक अध्यक्ष विजया अधिकारी लगायत पूर्व अध्यक्ष एवम् निवर्तमान अध्यक्षको उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि वडाध्यक्ष प्रधानले सहकारिले सामाजिक उध्यमता र महिला शसक्तिकरणको क्षेत्रमा उल्लेख्य कार्य गर्दै आएको बताउनु भयो ।

कार्यक्रममा यस वर्षको माध्यमिक तहमा ३ जि. पि.ए. भन्दा बढी ल्याई उत्तीर्ण हुने संस्था सदस्यका ९ जना छोराछोरीलाई सम्मान गरिएको थियो । त्यस्तै कार्यक्रममा अनुशासित बचतकर्ता तर्फ इन्दिरा पराजुली , असल कारोबारकर्ता रुद्र के. सी. तथा संस्थाका जेष्ठ सदस्य राधिका अधिकारीलाई समेत सम्मान गरिएको थियो । दसै तिहारको शुभकामना आदानप्रदान सहित उल्लासमय वातावरणमा सम्पन्न भएको सो कार्यक्रमको संचालन संस्थाका सचिव विनिता कोइरालाले गर्नुभएको थियो भने उपाध्यक्ष सुनिता देवकोटाले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# बाढीले झोलुङ्गे पुल बगाएपछि दैनिक आवतजावतमा कठिनाइ

**पोखरापत्र संवाददाता**
गोरखा, २० असोज

त्रिशूली नदीमा आएको बाढीले झोलुङ्गे पुल बगाएपछि गोरखाको सहिदलखन गाउँपालिका-४ ठेउवाटार र आसपासका क्षेत्रका बासिन्दालाई आवतजावतमा कठिनाइ भएको छ ।

यही असोज १२ गते नदीमा आएको बाढीले ठेउवाटार र चितवनको इच्छाकामना गाउँपालिका-४ कुरिनटार जोड्ने झोलुङे पुल बगाएपछि अहिले यस क्षेत्रका बासिन्दालाई दैनिक आवतजावतमा समस्या भएको हो ।

“ठेउवाटारबाट अलि नजिकै रहेको अर्को झोलुङे पुलमा पनि बाढीले दुवैतर्फको लठ्ठा चुँडाएर क्षति पुऱ्याएको छ”, सहिदलखन-४ का वडाध्यक्ष यामबहादुर थापाले भन्नुभयो, “क्षतिग्रस्त पुलबाट हिँडडुल गर्दा ज्यान जोखिममा राख्नुपर्ने बाध्यता यहाँका स्थानीयवासीको छ ।” उहाँले क्षतिग्रस्त पुल तत्काल मर्मत नगरी नहुने अवस्थामा रहेको बताउनुभयो ।

“ठेउवाटार, करङबगर, माथिल्लो ठेउवाटार, तेर्से, बाहुनथोकलगायत क्षेत्रका स्थानीयलाई त्रिशूली नदी तरेर कुरिनटारसम्म पुग्नका लागि सहजै अर्को विकल्प छैन”, वडाध्यक्ष थापाले भन्नुभयो, “दिनहुँ आवतजावत गर्नुपर्ने ठाउँमा घण्टौँ लगाएर अर्कोबाटो जानुभन्दा नजिकैको अर्को क्षतिग्रस्त पुलबाट जोखिम मोलेर अहिले स्थानीय आवजावत गरिरहेका छन् ।”

झोलुङ्गे पुल बगाउँदा त्यहाँका करिब दुई सय ५० भन्दाबढी घरपरिवार समस्यामा परेको छन् । “हावाहुरी आइहाल्यो भने त लठ्ठा चुँडिएको पुल फर्किन पनि सक्छ”, उहाँले भन्नुभयो, “विद्यार्थीलाई विद्यालय तथा कलेजमा आवतजावत गर्न र किसानलाई आफूले उत्पादन गरेको दूध र तरकारी बजारसम्म पुऱ्याउन कठिनाइ हुँदै आएको छ ।”